नेपाल गजेट

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ८] काठमाडौं पौष २१ गते २०१५ साल [संख्या ३६

श्री ५ को सरकार

कानून तथा संसदीय प्रबन्ध मन्त्रालयको सूचना

तल लेखिएको सल्लाहकार सभामा पेश भएको बिधेयक हो ऐन होइन अतएव यो जन साधारणले कानून सरह मान्नु पर्दैन।

श्री माननीय मन्त्री भूपालमान सिंहले मिति ०१५।८।२६ मा सल्लाहकार सभाको समक्ष पेश गर्नु भएको तल लेखिए बमोजिमको सहकारी संस्थाहरूको गठन सुविधाजनक गर्नको निमित्त बनेको विधेयक नेपाल सल्लाहकार सभाका नियमहरूको नियम ८७ बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशित गरिएको छ।

(८३)

692

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०१५ सालको विधेयक नं. ४

सहकारी संस्थाहरूको गठन सुविधाजनक गर्नको निमित्त बनेको विधेयक

(सल्लाहकार सभामा पेश भएको रूपमा)

कृषक, कालिगढ र कम पूँजिवाल व्यक्तिहरूमा स्वावलम्बन,, पारस्परिक सहयोग र किफायतको बढ्दिको निमित्त सहकारी संस्थाहरूको गठनलाई अधिक सुबिधाजनक गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट सल्लाहकार सभाको राय लिइ मंत्रि परिषद्का सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भः-(१) यस ऐनको नाम सहकारी संस्था ऐन, २०१५ रहेको छ।

(२) यो ऐन नेपालभर मुलुकमा लागू हुनेछ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाश गरी तोकी दिएको मिति देखि लागू हुनेछ।

२. परिभाषाः— विषय वा प्रसंगले अर्को अर्थ न लागेमा यस ऐनमा—

(क) "रजिष्टर्ड संस्था" भन्नाले यो ऐन अन्तर्गत रजिष्टर गरिएको वा रजिष्टर गरिएको मानिने सहकारी संस्था सम्झनुपर्छ।

(ख) "रजिष्टार" भन्नाले यो ऐन अन्तर्गत सहकारी संस्थाको रजिष्टारको काम गर्न श्री ५ को सरकारबाट नियुक्त गरिएको व्यक्ति सम्झनुपर्छ।

(ग) "सदस्य" भन्नाले संस्थाको रजिष्टेशनको निमित्त दिइने आवेदन पत्रमा सम्मिलित हुने व्यक्ति र यो ऐन अन्तर्गत कुनै संस्था रजिष्टर गरिएपछि त्यसको सदस्यता प्राप्त गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(घ) "समिति" भन्नाले रजिष्टर्ड संस्थाको कामकाजको जिम्मा लिने सचालक समिति सम्झनु पर्छ।

(ङ) "विनियम" भन्नाले रजिष्टर भइ तत्काल लागू रहेको विनियम समझनु पर्छ र यो शब्दले रजिष्टर गरिएको बिनियमको संशोधनलाई समेत जनाउँछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) "अफिसर" भन्नाले समितिको अध्यक्ष, सेक्रटरी, कोषाध्यक्ष, सदस्य वा संस्थाको कामकाज सम्बन्धमा निर्देश दिन यो ऐन अन्तर्गत बनेको नियम वा विनियम अन्तर्गत अधिकार दिइएको अरू व्यक्तिलाई समेत जनाउँछ।

३. रजिष्टार:- नेपालको निमित्त श्री ५ को सरकारले सहकारी संस्थाहरूको एक जना रजिष्टार र निजको मद्दतको निमित्त अरू व्यक्तिहरू नियुक्त गर्न सक्छ। यो ऐन बमोजिमको रजिष्टारको सब वा केही अधिकार त्यस्ता व्यक्तिहरूले प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले साधारण वा विशेष आदेशद्वारा अधिकारसुम्पन सक्छ।

४. रजिष्टर गर्न सकिने संस्थाहरू:- यो ऐन अन्तर्गत देहाय बमोजिम संस्थाहरू रजिष्टर गर्न सकिने छन:-

(क) सहकारी सिद्धान्त अनुसार आफना सदस्यहरूको आर्थिक उन्नति गर्ने उद्देश्यले बनेको संस्था, र

(ख) अरू संस्थाहरूको कार्य संचालन सुविधाजनक तुल्याउने उद्देश्यले बनेको, र व्यक्ति एवं रजिष्टर्ड संस्थाहरूलाई समेत सदस्यतामा प्रवेश गराउने संस्था।

५. संस्थाको दायित्व:— श्री ५ को सरकारले साधारण वा बिशेष आदेशद्वा अन्यथा निर्देश गरेमाबाहेक—

(१) रजिष्टर्ड संस्था सदस्य रहेको संस्थाको दायित्व सीमित हुनेछ।

(२) आफ्ना सदस्यहरूलाई ऋण दिने उद्देश्यले बनेको अधिकांश सदस्यहरू कृषक भएको र रजिष्टर्ड संस्था सदस्य नरहेको संस्थाको दायित्व असीमित हुनेछ।

६. शेयर लिन पाउने हद:- कुनै संस्थाका सदस्यहरूको दायित्व सीमित भएकोमा सो संस्थाका सदस्य रहेको संस्था बाहेक अरू कुनै व्यक्ति विशेषले सो संस्थाको कूल शेयर पूंजीको १।५ वा यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको घटी अंश भन्दा बढी शेयर लिन पाउंदैन।

७. रजिष्टर गराउन पाउने अवस्था:-(१) संस्था सदस्य रहेको संस्था बाहेक अरू कुनै संस्थामा अठाह्र वर्ष नाघेका कम्तीमा १० जनासम्म सदस्यहरू नभई यो ऐन अन्तर्गत रजिष्टर गरिनेछैन तर त्यस्तो संस्था आफ्ना सदस्यहरूलाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ऋण दिन कोष जम्मा गर्ने उद्देश्यले बनेको रहेछ भने त्यसका सदस्यहरू एकै शहर, गाउँ वा गाउँहरूको समूहमा बसोवास गर्दै रहेको वा रजिष्टारले अन्यथा निर्देश गरेमा बाहेक, एकै जाती, जात वर्ग वा पेशाको हुनुपर्छ ।

(२) यो ऐन अन्तर्गत रजिष्टर गरिएका सीमिति दायित्व भएका प्रत्येक संस्थाको नामको अन्तमा लिमिटेड शब्द प्रयोग गरिनेछ ।

८. चाहिने रकम नबुझाएसम्म सदस्यको अधिकार प्रयोग गर्न नपाउने:- यो ऐन अन्तर्गत बनेका नियम वा बिनियम बमोजिम कुनै रजिष्टर्ड संस्थाको सदस्यले सदस्यताको निमित्त बुझाउन पर्ने रकम नबुझाएसम्म वा त्यस्तो नियम वा बिनियम बमोजिम संस्थामा हक प्राप्त नगरेसम्म सदस्यको अधिकार प्रयोग गर्न पाउँदैन ।

९. सदस्यहरूको मत:- (१) रजिष्टर्ड संस्थाका सदस्यहरूको दायित्व सीमित नभएकोमा त्यस्ता संस्थाको कार्य संचालनमा प्रत्येक सदस्यले संस्थाको मूल धनमा आफ्नो जति सुकै हक भएतापनि एक मत मात्र दिन पाउनेछ ।

(२) कुनै रजिष्टर्ड संस्थाका सदस्यहरूको दायित्व सीमित भएकोमा त्यस्ता संस्थाका प्रत्येक सदस्यले बिनियममा तोकिए बमोजिम मत दिन पाउनेछ ।

(३) कुनै अर्को रजिष्टर्ड संस्थाको सदस्य रहेको रजिष्टर्ड संस्थाले सो संस्थाको कार्य संचालनमा मत दिने प्रयोजनको निमित्त आफ्नो सदस्यहरू मध्ये एक जनालाई प्रतिनिधि नियुक्त गन सक्छ ।

१०. संस्थाको सदस्यतामा प्रतिबन्ध:- आफ्ना सदस्यहरूलाई ऋण दिने मूल उद्देश्यले बनेको एक भन्दा बढी संस्थामा कुनै व्यक्ति रजिष्टारको अनुमति बिना सदस्य बन्न पाउँदैन ।

११. सस्थाहरूलाई संगठित संस्था मान्ने:—(१) यो ऐन अन्तर्गत कुनै संस्था रजिष्टर गरिएपछि रजिष्टर गरिएको नामबाट सो संस्था अवच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था मानिनेछ । यो संस्थाको र सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) सो संस्थाले चल अचल सम्पत्ति प्राप्त गन, राख्न, नामसारी गर्न, ठेक्का लिन दिन र आफ्नो उद्देश्य पूर्ति गन आवश्यक सम्झेका अरू सब काम गर्न सक्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सो संस्थाले आफ्नो नामबाट नालीस उजूर गर्न र त्यस उपर पनि सोही नामबाट नालेश उजूर लाग्न सक्छ ।

१२. संस्थाको दावालाई अग्राधिकार दिइने:- कुनै रजिष्टर संस्थाका कुनै हाल वा साविकवाला सदस्यसंग संस्थाले लिनु पर्ने कुनै रकम बाँकी रहेको मा सो व्यक्तिको जायज्यथाबाट सो बांकी असूल उपर गरी लिन संस्थाले चाहेमा निजको जायज्यथामा श्री ५ को सरकारको मालपोत वापत केही हक दावी भए वा जिमिदार वितावारको कूत न तिरे बापत कुनै हक दावी भए त्यसको निमित्त रकम परसारी बाँकी रहन आएको रकममा अरू साहूहरूको दावालाई भन्दा संस्थाको दावालाई अग्राधिकार दिइनेछ ।

१३. शेयर वा हक कुर्की वा लिलाम बिक्री न हुने:- कुनै रजिष्टर्ड संस्थाको मूल धनमा रहेको सो संस्थाका कुनै सदस्यको हक वा शेयर सो सदस्यले लिएको कुनै ऋण वा अरू कुनै दायित्व वापत कुनै अदालतको डिग्री वा आदेशले कुर्की वा लिलाम बिक्री गरिने छैन ।

१४. साविकवाला सदस्यको दायित्व: कुनै रजिष्टर्ड संस्थाका साविकवाला सदस्यले सो संस्थाको सदस्यता त्याग गर्दाको अवस्थाको संस्थाको ऋणको निमित्त त्यसरी त्याग गरेका मितिले दुइ वर्ष सम्म दायित्व व्यहोर्नु पर्ने छ ।

१५. रजिष्टर गर्न नपर्ने विषय:- लिखितहरूको रजिष्ट्रेशन सम्बन्धमा तत्काल लागू रहेको नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका लिखतलाई रजिष्टर गराउनु आवश्यक हुने छैन ।

(क) कुनै रजिष्टर्ड संस्थाको जायज्यथाको जम्मै वा केही भाग अचल सम्पत्तिको रूपमा रहेको भएतापनि त्यस्ता संस्थाको शेयर सम्बन्धी कुनै कागज पत्र तथा लिखतमा, वा

(ख) कुनै त्यस्तो रजिष्टर्ड संस्थाले निकालेको तर कुनै अचल सम्पति उपर कुनै किसिमको हक वा अधिकार सिर्जना उपलब्धी, घोषणा, वा लोप नगर्ने वा त्यस्तो सम्पतिमा रहेको कुनै हक वा अधिकार सीमित नगर्ने डिवेन्चरमा, वा

(ग) कुनै रजिष्टर्ड संस्थाले निकालेको कुनै डिवेन्चरको दरपीठ वा नामसारीमा ।

6986

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. आयकर, टिकट दस्तुर र रजिष्ट्रेशन फी माफी गन अधिकारः- (१) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी कुनै रजिष्टड संस्था वा कुनै श्रेणीका रजिष्टर्ड संस्थाको नाफामा लाग्ने आयकर वा नाफा वापत त्यस्ता संस्थाका सदस्यहरूले पाएका लाभांश वा अरू रकममा लाग्ने आयकर माफि गनसक्छ ।

(२) श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी कुनै रजिष्टर्ड संस्था वा कुनै श्रेणीका रजिष्टर्ड संस्थाका सम्बन्धमा देहायका फा दस्तूरहरू माफी गन सक्छ ।

(क) संस्थाले वा संस्थाको तर्फबाट भए गरेको कागजपत्रमा वा संस्थाको काम सम्बन्धमा त्यसका कुनै अफिसर वा सदस्यले गरेको कागज-पत्रमा तत्काल लागू रहेको नेपाल कानून बमोजिम लाग्ने टिकट दस्तूर, र

(ख) तत्काललागू रहेको रजिष्टेशन सम्बन्धी नेपाल कानून बमोजिम लाग्ने फी।

१७. नाफाको वितरणः- कुनै रजिष्टर्ड संस्थाको कोषको कुनै भाग सो संस्थाका सदस्यहरूमा बोनस वा लाभांश वा अरू कुनै रूपमा वितरण गर्न हुँदैन ।

तर कुनै वर्षको खूद नाफाको कमसेकम एक चौथाई भाग जगेडा कोषमा जम्मा गरेपछि बाँकी रहेकोबाट र गत वर्षको लाभांश वितरण गर्नुपर्ने नाफाको रकमबाट यो ऐन अन्तगत बनेका नियम वा विनि-यममा तोकिएको हद र शतमा सो संस्थाका सदस्यहरूलाई वितरण गर्नु हुन्छ ।

१८. अदालतको अधिकार नहुनेः- यस अधिको दफाहरूमा अन्यथा लेखिएकोमा बाहेक यो ऐन अन्तर्गत कुनै संस्थालाई विघटन् गर्ने सम्बन्धी कुनै कुरामा कारवाइ गर्ने अधिकार कुनै अदालतलाई हुनेछैन ।

१९. नियम बनाउने अधिकार.- (१) यो ऐनको उद्देश्य पूरा गर्नको लागी श्री ५ को सरकारले कुनै रजिष्टर्ड संस्था वा कुनै खास श्रेणीका वा सबै रजिष्टर्ड संस्थाहरूका सम्बन्धमा नियम बनाउन सक्छ। ती नियम नेपाल गजेटमा प्रकाशित भएपछि लागू हुनेछन् ।

[२] उपदफा [१] ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभा-व नपारी विशेष गरेर ती नियममा देहायका सबै वा केही कुराहरूको व्यवस्था गर्न सकिनेछः—

6096

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[१] सहकारी संस्थाहरूको रेखदेख, नियन्त्रण, वार्षिक तथा अरू हिसाब जाँच [अडिट] र कार्यविधिको रेखदेख गर्ने र केही कुरामा अन्तिम निर्णय दिन सक्ने रजिष्ट्रारको अधिकार निश्चित गर्ने ।

[२] सहकारी संस्था रजिष्ट्रेशन गराउनको निमित्त चाहिने, आवेदनपत्र वा दर्खास्तको फर्महरू र मान्नुपर्ने शर्तहरू तयार गरी दिने, सो दर्खास्त विषयका कार्यविधिहरू र विनियमहरू बदल्ने कुरा समेत निश्चित गरी दिने ।

[३] सहकारी संस्थाका सदस्यहरूको अधिकार र दायित्वका र त्यस्ता संस्थाहरूको सुबिधा र कर्तव्यहरूको ऐनमा बाधा नपर्ने गरी निर्धारित गरी दिने ।

[४] यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम र विनियमहरूको प्रतिहरू निरीक्षणको निमित्त खुला राख्नुपर्ने नियम गर्ने ।

[५] सदस्यहरूको सेयर वा हकमा संस्थाको दावा, सदस्यहरूको मृत्यु भएमा हकदावीको नाम सारी र मृत सदस्यको जाय ज्यथाको दायित्व निर्धारित गर्ने ।

[६] संस्थाको कोषको उपयोग गर्ने वा लगानी गर्ने, धितो राख्ने र नाफाको उपयोग गर्ने समेत बारे व्यवस्था गर्ने ।

[७] रजिष्ट्रारले संस्थाको जाँचबूझ, सोधपुछ र संस्थाको कारवाई रोकी दिने [सस्पेण्ड गर्ने] र सहकारी सिद्धान्त विरुद्ध भएमा सजाय गर्ने नियम बनाउने ।

[८] रजिष्ट्रारले सहकारी संस्थाहरू विघटन गर्ने रजिष्ट्रेशन खारेज गर्ने लिक्विडेटरको नियुक्ति र निजको अधिकारको निधो गर्ने र लिक्विडेशनको काम समाप्त भएपछिको कुरा निश्चित गर्ने ।

[९] सदस्यले लिन पाउने ज्यादासे ज्यादा संस्थाको पूंजीको शेयरको संख्या निश्चित गर्ने

[१०] संस्थाको ठेगाना, संस्थाले राख्नुपर्ने बहीखाताहरू सदस्यहरूको रजिष्टर फार्महरू तोकि दिने र विनियमहरू बनाउने, संसोधन गर्ने, खारेज गर्ने र स्याहा स्रेस्ताहरूको अडित गर्न विधि निर्धारित गर्न ।

[११] संस्थाले कोष खडा गर्ने तरीका निधो गर्ने ।

[१२] सदस्यहरूको साधारण सभा विशेष सभा र सो सभाका कार्यक्रम हरू र सो सभाले प्रयोग गर्न पाउने अख्तियारहरूको आवश्यक बन्दोबस्त मिलाई दिने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[१३] संस्थाले दाखिल गर्नु पर्ने फाँटवारीहरू निश्चित गरि दीने।

[१४] संस्थाले आफ्ना सदस्यहरूलाई दिने ऋणको भुक्तानीको शर्त र ऋण दिन, लिन र अरू लेन देनमा प्रतिबन्ध निश्चित गरिदिने।

[१५] सस्थाका सदस्यहरूको संस्थाको हद तोकि दिने।

[१६] असीमित दायित्व भएको संस्थाको सदस्यहरूमा नाफा बाँडने शर्तहरू र लाभांशको दरको हद तोकी दिने।

[१७] रजिष्ट्रारको आदेश उपर कुन कुन परिस्थिति आइ परेमा अपील लाग्छ भन्ने कुराको नियम निश्चित गरी दिने र त्यस्ता अपीलहरू दर्ता गर्दा र फैसला गर्दा पालन गर्नु पर्ने विधि निश्चित गरि दिने।

[१८] सहकारी संस्थाका सदस्यहरू र सहकारी संस्थाहरूसंग सम्बन्धीत अरूहरूको झगडामा (पंचायतको) मध्यस्थताको विधि निश्चित गरी दिने।

[१९] बाकी बक्यौतामा असूल गर्ने र समन आदिको लाग्ने दस्तूर ऋण लागेको संस्थाको हिसाब किताबको जाँचबूझ र सो गर्दाको खर्च निर्धारित गरि दिने।

[२०] रजिष्ट्रारले कुनै पनि रजिष्ट्री भएका बैंक जस्ता संस्थाहरूसंग केही कारवाई बिषय सोधपूछ गर्ने अख्तियार र विधि तोकि दिने।

[२१] शेयर वा डिभेन्चर वा अरू उपायवाट काम उठाउँदा गर्नु पर्ने नियम निश्चित गरी दिने।

[२२] संस्थाहरूलाई रजिष्ट्रेशन सम्बन्धी शर्तहरू लागू नहुने गर्ने अधिकार निश्चित गर्ने।

२०. सहकारी शब्द प्रयोग गर्नमा प्रतिबन्धः— (१) सहकारी संस्था बाहेक कुनै व्यक्तिले सरकारको स्वीकृति विना सहकारी शब्दको नाममा कुनै व्यापार गर्न पाउने छैन।

(२) उपदफा (१) मा लेखिएको कुरा भंग गर्नलाइ रू ५००। सम्म जरिवाना हुनेछ र एक पटक जरिवाना भएपछि फेरि पनि नियम विरूद्ध काम गरेमा पहिले जरिवाना भएको मिति देखि दिनको रू ५०। का दरले थप जरिबाना हुनेछ।

२१. नेपाल कम्पनी कानून २००७ लागू नहुनेः- यस ऐन अन्तर्गत रजिष्ट्री भएका सहकारी संस्थाहरूलाई नेपाल कम्पनी कानून २००७ लागू हुने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. विनियम बनाउन अधिकार:— यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको प्रतिकूल नपर्नेगरी संस्थाले आफ्नु कार्य सम्पादनको लागि विनियमहरू बनाई संथा रजिष्ट्री गर्न विनियमका दुइ प्रति सामेल राखी रजिष्टार छेउ आवेदनपत्र पेश गर्नुपर्छ। व्यक्ति मात्र सदस्य रहेको संस्थाको सम्बन्धमा कम्तीमा १० जनाको दस्तखत र रजिष्टर्ड संस्था सदस्य रहेको संस्थाको सम्बन्धमा त्यस्ता प्रत्येक संस्थाको तर्फवाट रीत पूर्वकको अधिकार प्राप्त व्यक्तिको दस्तखत र व्यक्तिहरू समेत सदस्य रहेको संस्थाको सम्बन्धमा १० जना सम्म वा दश जना न रहेकोमा भए जति जम्मै व्यक्ति सदस्यहरूको दस्तखत समेत आवेदनपत्रमा हुनुपर्छ। त्यस्तो संस्था र त्यसरी बनेका विनियमहरू र विनियमका संशोधनहरू समेत रजिष्ट्रारले रजिष्ट्री गरी प्रमाणपत्र दिए पछि लागू हुनेछ। रजिष्ट्रेशन खारेज गरिएको प्रमाण पेश भएमा बाहेक रजिष्ट्रारबाट दिई राखेको त्यस्तो प्रमाणपत्र पक्का प्रमाण हुनेछ।

२३. रजिष्ट्री भएको मानिने:— सरकारको कार्यकारिणी आदेसद्वारा रजिष्ट्री भएका सहकारी सस्थाहरू यो ऐन लागू भएपछि यस ऐन अन्तर्गत रजिष्ट्री भएको मानिन छ।

उद्देश्य र कारणहरूको विवरण

ग्राम तथा जिल्ला निवासीहरूको पिछडपना हटाउने, जीवनस्तर उचा गराउने परस्परमा सहयोग तथा सहकारिताको भावना बढाएर शक्ति (बुद्धि, अनुभव, उत्साह, ज्ञान, बल तथा धन) एकत्रीत गरी लाभदायक उद्योगधन्दाहरू खडागर्ने र सुविधाजनक साधनहरू जुटाउने, देशको प्राकृतिक साधनको विकाश गर्ने र ग्रामहरूको एकता तथा उपयोगिताबाट जिल्ला र जिल्लाहरूको एकता तथा उपयोगिताबाट देशमा शान्ति तथा सुरक्षा स्थापित गर्ने उद्देश्यले र खास गरी कृषक, कालिगढ, र कम पूँजीवाल व्यक्तिहरूमा मितव्ययता, आत्मनिर्भरता र पारस्परिक सहयोग र किफायतको वृद्धिको निमित्त सहकारी संस्थाहरू खडागर्ने उद्देश्यले यो विधेयक तयार गरिएकोछ।

काठमाडौं,
मिति

भूपालमान सिंह,
मन्त्री

आज्ञाले—
नयनबहादुर खत्री,
श्री ५ को सरकारका सचिव
कानून तथा संसदीय प्रबन्धमन्त्रालय।

गोरखापत्र छापाखानामा मुद्रित।

6020

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मधुपर्क विभाग, संसद सचिवालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।